सैय्येदुल-इस्तिग्फार

शद्दाद बिन औस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सैय्येदुल-इस्तिग्फार" यो हो : ‘अल्लाहुम्म अन्त रब्बी, ला इलाह इल्ला अन्त्, खलक्तनी व अना अब्दुक व अना अला अह्दिक व वाअ्दिक मस्त-ताअ्-तु, अऊजुबिक मिन् शर्रि मा सनाअ्-तु, अबूउ लक बिनिअ्मतिक अलय्य व अबूउ बिजम्बी, फग्-फिर्ली
फइन्नहु ला यग्फि-रूज्जुनूब इल्ला अन्त् ।’ रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले पूर्ण विश्वासका साथ बिहान उक्त दुआ पढ्छ र सोही दिन साँझ हुनु
अघि उसको मृत्यु हुन्छ भने ऊ जन्नतमा प्रवेश गर्नेछ । त्यसैगरी जसले पूर्ण विश्वासका साथ राती पढ्छ र बिहान हुनु अघि उसको मृत्यु हुन्छ भने ऊ जन्नतमा जानेछ ।" [सही] [बुखारीले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई बताउँनु भयो कि क्षमा याचना गर्ने केही शब्दहरू छन्, जसमध्ये सबैभन्दा उत्कृष्ट र महान शब्दहरू निम्नलिखित छन्: "अल्लाहुम्म अन्त रब्बी, ला इलाह इल्ला अन्त्, खलक्तनी व अना अब्दुक व अना अला अह्दिक व वाअ्दिक मस्त-ताअ्-तु, अऊजुबिक मिन् शर्रि मा सनाअ्-तु, अबूउ लक बिनिअ्मतिक अलय्य व अबूउ बिजम्बी, फग्- फिर्ली फइन्नहु ला यग्फि-रूज्जुनूब इल्ला अन्त् ।" यस प्रार्थनामा भक्तले सर्वप्रथम तौहीद (एकेश्वरवाद) लाई स्वीकार गर्दछ र यो कि अल्लाह नै उसको सृष्टिकर्ता र पूज्य हुनुहुन्छ, जसको कुनै साझेदार छैन । भक्तले आफ्नो क्षमता अनुसार अल्लाहमा विश्वास र उहाँप्रति आज्ञाकारी हुने वाचालाई पुरा गर्दछ; किनकि भक्तले जति नै उपासना गरे पनि, न त अल्लाहका सम्पूर्ण आदेशहरू पालना गर्न सक्छ न त उहाँका सम्पूर्ण वरदानहरू प्रति कृतज्ञ हुन सक्छ। त्यसैले, उसले अल्लाहको शरण लिन्छ, आफूलाई उहाँप्रति पूर्णतः समर्पित गर्दछ र उहाँलाई नै आफ्नो सहारा बनाउँछ, किनकि स्वयम् उसले नै गरेको दुष्कर्महरूको परिणामबाट सुरक्षा प्रदान गर्ने अल्लाह मात्र हुनुहुन्छ। साथै उसले स्वेच्छिक रूपमा अल्लाहको कृपालाई स्वीकार तथा कबुल गर्छ, र आफूले गरेका पाप तथा अवज्ञालाई पनि स्वीकार गर्छ । यसरी अल्लाहसमक्ष विन्ती-प्रार्थना गरेपछि,उसले आफ्नो पालनकर्तासँग आफ्ना पापहरू क्षमा गर्न, त्यसलाई कसैलाई थाहा नहोस् भनेर लुकाइदिन र विशेष कृपा, क्षमा र आशिषले ती पापहरूको नराम्रो परिणामबाट बचाउनको लागि दुआ-प्रार्थना गर्दछ। किनकि अल्लाहबाहेक अरू कोही पापहरू क्षमा गर्न योग्य छैन। त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम)ले यो बिहान र साँझमा गरिने प्रार्थनामध्ये एक हो भनी स्पष्ट पार्नुभयो। जसले बिहान अर्थात् सूर्योदयदेखि जुहरसम्मको समयमा यसको अर्थ बुझेर पूर्ण विश्वास र दृढताका साथ यो प्रार्थना गर्छ र त्यसै दिन उसको मृत्यु हुन्छ भने ऊ स्वर्गमा प्रवेश गर्नेछ। त्यसैगरी, जसले राती अर्थात् साँझ सूर्यास्तदेखि फज्रसम्मको समयमा यसलाई पढ्छ र बिहान अघि नै मृत्यु भयो भने ऊ स्वर्गमा प्रवेश गर्नेछ ।

http://www.sunnah.global/hadeeth/ne/show/5503